**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा(३) बमोजिमको विवरण देहायबमोजिम रहेको छ।**

**क) निकायको स्वरुप र प्रकृतिः**
कम्पनी ऐन २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम संचालित 'ग' वर्गको वित्तिय संस्था।

**ख) निकायको काम, कर्तव्य र अधिकार :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा व्यवस्था भए बमोजिमका काम, कर्तव्य र अधिकार रहेको ।

**ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**
कार्यरत कर्मचारी संख्या ४२ रहेको छ र वित्तीय संस्थाले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत संचालन भइरहेको छ। व्यवस्थापन समूहको नाम र पद वेबसाईट: www.sfcl.com.np मा राखिएको छ।

**घ). निकायबाट प्रदान गरिने सेवा :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ वमोजिम'ग' वर्गका वित्तीय संस्थाले दिन सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु ।

**ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**
सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण यस संस्थाको वेबसाईट www.sfcl.com.np मा प्रकाशित गरिएको छ।

**च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**
वित्तीय संस्थाले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस संस्थाको शाखाहरुमा उपलब्ध गराइएको छ र यसको जानकारी संस्थाको वेबसाईट www.sfcl.com.np मा उपलब्ध छ।

**छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी**
बैंकिङ्ग कारोवारका सम्बन्धमा विभिन्न तहका अधिकारीहरुले निर्णय गर्न सक्ने प्रक्रिया मिलाइएको छ । प्रमुख कार्यकारी अधिकृत तथा वित्तीय संस्थाको संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ।

**ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी**
ग्राहकहरुको गुनासो तथा उजुरी लिनको लागि हाल केन्द्रीय स्तरमा गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरिएको छ। निजको नाम र ठेगाना यस प्रकार रहेको छ

**श्री भरत खनाल**
गुनासो सुनुवाइ अधिकृत
समृद्धि फाइनान्स कम्पनी लिमिटेड,
प्रधान कार्यालय,हेटौडा मकवानपुरं
फोन नं.:०१-४२४८८५२, ९८४१३७४८५४, ईमेल bharat.khanal@sfcl.com.np

**झ) सम्पादन गरेको कामको विवरण**
बैंक तथा वित्तीय सस्था सम्बन्धी ऐन, २०७३ बमोजिम 'ग' वर्गका वित्तीय संस्थाहरुले गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग कारोवारहरु सम्पादन भइरहेको छ।

**ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद :**
ग्राहकहरुलाई आवश्यक सूचना प्रदान गर्न तपसिल बमोजिमका अधिकारीलाई तोकिएको छ।
प्रमुख सूचना अधिकारी

**श्री विनोद राज पौडेल**
मख्य व्यवस्थापक
समृद्धि फाइनान्स कम्पनी.लिमिटेड,
प्रधान कार्यालय,हेटौडा ,मकवानपुर
फोन नं.:०१-४२१२०९९, ईमेल binod@sfcl.com.np
साथै यस वित्तीय सस्थाका शाखा कार्यालयहरुमा सम्बन्धित शाखा प्रमुखहरुलाई सूचना अधिकारीको रुपमा कार्य गर्ने व्यवस्था गरिएको छ।

**ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**
प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु वित्तीय सस्थाले पालना गर्नुपर्ने हुन्छ भने देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागि प्रमुख रुपमा रहेका छन् ।

१)बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
२)नेपाल राष्ट्र बैंक ऐन, २०५८
३)कम्पनी ऐन, २०६३
४)बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
५)बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६)सम्पत्ति शुद्धिकरण( मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४
७)धितोपत्र सम्बन्धी ऐन, २०६३
८)सुरक्षित कारोवार ऐन, २०६३
९)मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४

१०)विनिमय अधिकारपत्र ऐन, २०३४
११)आयकर ऐन, २०५८
१२) विदेशी विनिमय ऐन, २०१९,
१३)उपरोक्त ऐनहरु बमोजिमका सम्पुर्ण नियम तथा विनियमहरु
१४)नेपाल राष्ट्र बैंकको सम्पूर्ण निर्देशिकाहरु

**ठ) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण :**

वित्तीय सस्थाको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्र-पत्रिकामा प्रकाशित हुँदै आएको छ भने वित्तीय सस्थाको वेबसाईट www.sfcl.com.np मा समेत रहेको छ ।

**ड) वित्तीय सस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम ठेगाना**

वित्तीय सस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ ।

**श्री पुष्प प्रसाद श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत
समृद्धि फाइनान्स कम्पनी लिमिटेड,
प्रधान कार्यालय,हेटौडा , मकवानपुरं
ईमेल ceo@sfcl.com.np

**ढ)साथै सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।**

**क) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम आयोजना वा संचालन गरेको भए सोको विवरण**

यस वित्तिय संस्थाले गरेको कार्यक्रम वा आयोजनाको बारेमा संस्थाको वेबसाइट www.sfcl.com.np मा राखिएको छ।

**ख) सार्वजनिक निकायको वेबसाईट भए सोको विवरण**

वेबसाईट www.sfcl.com.np

**ख१) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण**

सो नभएको

**ख२) सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन**

यस वित्तिय संस्थाले गरेको कार्यक्रमको बारेमा संस्थाको वेबसाइट www.sfcl.com.np मा राखिएको छ।

**(ख३) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि**

सुचना वर्गीकरण गरीएको अवस्था नभएको र सूचनाको अनाधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षण गरिएको

**(ख४) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय**

सो नभएको

**(ग) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण।**

वित्तीय सस्थाको आवश्यक सूचनाहरु विभिन्न राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित गरी वित्तीय सस्थाको वेबसाईटमा समेत प्रकाशित गरिदै आइएको ।

**त) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण :**

वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई वित्तीय सस्थाको वेभसाईटमा समेत प्रकाशित गरिएको छ । साथै वित्तीय सस्थाको आर्थिक विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरी वित्तीय सस्थाको वेबसाईट www.sfcl.com.np मा समेत प्रकाशित गर्दै आइएको छ ।